# धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

## धरान, सुनसरी, प्रदेश नं. १, नेपाल

## नगर कार्यपालिका वैठक

## वैठक संख्या ६/०७७/०७८

आज मिति २०७७ साल पुस ९ गते विहिबार विहान ८:०० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थितीः

| क.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मञ्जु भण्डारी सुवेदी | उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री रोषन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री दिल बहादुर तामाङ्ग | का. बा. वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री मानबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जिवन सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री रुद्र बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री बावुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री शोभा पुलामी राई | का.वा. वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री मणिराम राई | वडा अध्यक्ष - का.वा. | धरान-२० | |
| २३. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | |
| २४. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २५. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २६. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २७. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २८. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २९. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| ३०. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |
| ३१. | श्री विदुर प्रसाद खनाल | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

| क.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

**बैठकमा छलफल र निर्णय भएका विषयहरुः-**

१. **वेरोजगार व्यक्तिहरुको सूची स्वीकृत गर्ने सम्बन्धमाः-**

आ.व. ०७७।७८ मा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत संचालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगरीका लागि रुपान्तरण पहल आयोजना (युवारुप) कार्यक्रम संचालन गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि २०७५ अनुसार वडाकार्यालय मार्फत निवेदन दिएका र EMIS मा प्रविष्ठ गर्दा स्वीकृत भएका साथै प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानीय निर्देशक समितिवाट सिफारिस भएका विभिन्न वडाका ४०९ जना वेरोजगार व्यक्तिहरुको सूचीलाई स्वीकृत गर्ने निर्णय गरियो ।

२. **संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ स्वीकृत सम्बन्धमा :–**

वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ मा व्यवस्था भए बमोजिम यस धरान उपमहानगरपालिकाको अधिकार क्षेत्र भित्र पर्ने विषयसंग सम्बन्धित योजना, कार्यक्रम तथा आयोजना सम्वन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी अध्ययन प्रतिवेदन तयारी, स्वीकृति, प्रस्ताव कार्यान्वयन तथा अनुगमन प्रकृयालाई व्यवस्थित र प्रभावकारी वनाउन नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उपलब्ध भएको नमुना कार्यविधीका आधारमा सम्बन्धित महाशाखाबाट सरोकारवालाहरु सँग समेत छलफल गरी तयार गरिएको र कानून तर्जुमा मस्यौदा समितिको बैठकमा समेत दफावार छलफल तथा सिफारिस समेतको आधारमा आजको बैठकमा पेश भएको **संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि**, २०७७ सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो

३. **५ वेडको कोभिड अस्पताल स्थापना सम्बन्धमा :-**

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट हाल विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ रोगको रोकथाम, नियन्त्रण तथा उपचारका लागी हरेका स्थानीय तहमा ५ वेड देखी १५ वेड सम्मको अस्पताल निर्माण गर्ने परिपत्र भए अनुसार धरान उपमहानगरपालिका क्षेत्रमा ५ वेडको अस्पताल स्थापना गर्न रकम समेत निकासा भईसकेको हुँदा धरान उपमहानगरपालिका वडा नं. २० विष्णुपादुका स्वास्थ्य चौकिमा ५ वेडको अस्पताल स्थापना गर्न केहि पूर्वाधार समेत तयार भै सकेको हुँदा सोहि स्थानमा उक्त अस्पताल स्थापना गर्ने निर्णय गरियो ।

४. **क्रिसमस डेकादिन सार्वजनिक विदा दिने सम्बन्धमा :-**

धरान ख्रीष्टियन समाज वाट २०७७।०९।१० गते अर्थात २५ डिसेम्बरका दिन इसाई धर्मालम्बीहरूको महान चाड क्रिसमस डे का दिन स्थानीय रूपमा सार्वजनिक विदा दिने व्यबस्थाहुन अनुरोध भै आएको सम्बन्धमा छलफल हुदा नेपालको संविधानको धारा ३ मा भएको व्यबस्था बमोजिम धरान उपमहानगरपालिका बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त शहर भएकाले संविधानको धारा १८ र २६ को आधारमा क्रिसमस डेका दिन धरान नगर क्षेत्रमा सार्वजनिक विदा दिने साथै सम्पूर्ण ईसाइ धर्मालम्बीहरूमा शुभकामना समेत व्यक्त गर्ने निर्णय गरियो ।

५. **स्मार्ट वसपार्क सम्बन्धमा :–**

धरान उपमहानगरपालिका वडा नं. ८ स्थीत तिनकुने सुन्दर वस्ति विकास आयोजना अन्तर्गत स्मार्ट वसपार्क निर्माण कार्यका लागी नेपाल सरकारको समपुरक अनुदान र धरान उपमहानगरपालिकाको संयुक्त लगानीमा निर्माण हुने गरी तयार पारिएको डि.पी.आर. स्वीकृत गरी खरीद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

६. **पर्यटन गाँऊ छनौट गर्ने सम्बन्धमा :–**

नेपाल सरकार संस्कृतिक पर्यटन तथा नागरीक उड्डयन मन्त्रालयबाट प्रत्येक प्रदेशमा १ पर्यटकीय गाँउ विकास गर्ने नीति अनुरुप पर्यटकीय गाँउ छनौटका अवधारणा पत्र समेत तयार गरी प्रदेशको उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयमा पठाईएको र उक्त प्रदेशको मन्त्रालयबाट छनौटको आधारहरुको अधिनमा रहि पर्यटन गाँउ छनौट गरी पठाउन पत्राचार भए अनुरुप आधार पत्रहरुमा उल्लेखित भए अनुसार पूर्वाधारहरु पुरा भएको वडा नं.- २० को रमिते डाडा, कोकाहा, सिद्धपोखरी सुलीकोट गाँउलाई छनौट गरी पठाउने निर्णय गरियो ।

७. **समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम संचालनकालागि सहजकर्ता छनौटको अनुमोदन सम्बन्धमाः–**

धरान नगरमा प्रदेश सरकार धरान उपमहानगरपालिका र करुणा फाउण्डेसनको सहकार्यमा संचालन हुने अपाङ्ग पुनर्स्थापना कार्यक्रम संचालन गर्न सहजकर्ता छनौट गर्न छनौट समितिले लोकसेवा आयोगवाट प्रतिपादित सिद्धान्त र नम्सका आधारमा १० जना सहजकर्ता छनौट गरी सिफारिस गरेकोमा मिति २०७७।०८।३० गतेको नगरपालिकाको निर्णयवाट करारमा नियुक्ती गरिएको लाई अनमोदन गर्ने निर्णय गरियो ।

८. **पेश्की फर्स्यौंट सम्बन्धमा :—**

यस उपमहानगरपालिकाको अर्थ तथा सार्वजनिक लेखा समितिले विगत वर्षदेखिकै लेखा परीक्षणले देखाएका पेश्की तथा वेरूजु फर्स्यौंट गर्ने क्रममा पत्राचर गर्दा कतिपय पेश्की लिएका व्यक्तिहरूको मृत्यु भै सकेको र कतिपयलाई बारम्बार पत्राचार गर्दा मानिस नभेट्टिने र नआउने गरेकाले अर्थ तथा सार्बजनिक लेखा समितिले सिफारिस गरेका संलग्न विवरण अनुसारका व्यक्ति तथा संघ संस्थाका पुरानो पेश्की फर्स्यौंट गरी अनुमोदनकालागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।फर्स्यौंट गरिएको पेश्कीको विवरण पछाडी टाँस गरी प्रमाणित गरीएको छ ।

९. **साविक बाझागरा ८ ग र ९ क का जग्गाहरुको रोक्का फुकुवा सम्बन्धमा :—**

धरान उपमहानगरपालिकाको खानेपानीको मुख्य स्रोतको रूपमा रहेको सर्दु जलाधार क्षेत्रका जग्गाहरू रोक्का हुने क्रममा साविक बाझगरा ८ ग र ९ क साथै साविक घोपाका जलाधार क्षेत्र भित्र नपरेका जग्गाहरू समेत रोक्का भएकाले जलाधार क्षेत्रमा नपरेका जग्गाहरू कुन कुन हुन् भन्ने तथ्याङ्क नभएकाले स्थानीयवासी र सम्बन्धित वडा कार्यालयबाट समेत लिखित रुपमा निवेदन आएको त्यस्ता जग्गाहरूको एकिन गरी साविक जलधार संरक्षित क्षेत्रलाई असर नगर्ने गरी नगरपालिका समक्ष सुझाब पेश गर्न तपशिल अनुसारको एक सुझाब समिति गठन गर्ने र सो समितिको प्रतिवेदनका आधारमा थप निर्णय गर्ने निर्णय गरियो

<u>तपशिल</u>

संयोजक – ४ नं वडाध्यक्ष श्री मान बहादुर राई

सदस्य – १३ नं वडाध्यक्ष श्री नेत्र काफ्ले

सदस्य – २० नं वडाध्यक्ष श्री मणिराम राई

विज्ञ सदस्य – प्रमुख प्रसाशकीय अधिकृत श्री विदुर प्रसाद खनाल

सदस्य सचिव – नापी अधिकृत ठाकुर लामिछाने

१०. **धरान खानेपानी आयोजनाको परामर्शदाता BDA लाई निरन्तरता दिने सम्बन्धमा :—**

यस उपमहानगरपालिकाले संचालन गरेको एकिकृत शहरी विकास आयोजनाको डिजाइन तथा सुपरिवेक्षणको लागी नियुक्त परामर्शदाता श्री Building Design Authority (BDA) Pvt. Ltd., Kamaladi, Kathmandu को ३१ डिसेम्बर २०१९ मा म्याद समाप्त भएको तर आयोजनाको काम भने हालसम्म पूर्णरुपमा समाप्त नभई सम्पूर्ण रुपमा परिक्षण हुन बाँकी नै भएको र हाल नेपाल खानेपानी संस्थान, धरान शाखाको सम्पत्ति तथा दायित्व हस्तान्तरण हुने चरणमा रहकाले सो सिस्टम हस्तान्तरण भएपछि निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता अनुसार ९ महिना परिक्षणको लागि र मर्मत सम्भारको अवधि समेत गरी जम्मा एक (१) वर्षका लागी DSC को आवश्यक निश्चित प्राविधिक जनशक्ति मात्र प्रयोग गर्ने गरी परामर्शदाताको सेवालाई निरन्तरता दिनु आवश्यक भएको र सो सम्बन्धमा मिति २०७७/०८/१३ मा प्रमुखज्यूको उपस्थितिमा भएको विज्ञहरुको समुहको वैठकमा समेत सहमति भएकाले उक्त परामर्शदाताले पेश गरेको विवरण तथ्य आयोजना कार्यान्वयन एकाइबाट पेश भएको टिप्पणि अनुसार भुक्तानी गर्ने गरी भेरिएसन स्वीकृत गर्ने प्रक्रिया अघी बढाई सेवालाई निरन्तरता दिने निर्णय गरियो । उक्त रकम उपमहानगरपालिका र धरान खानेपानी व्यवस्थापन बोर्ड विच भएको सम्झौता अनुसार बोर्डबाट भुक्तानी माग गर्ने समेत निर्णय भयो ।

११. **भू संरक्षण विभागमा योजना पेश गर्ने सम्बन्धमा :—**

वन, तथा भू-संरक्षण विभागको मिति २०७७।०८।२१ गते प्रकाशित सूचना बमोजिम शहरी वन विकासका लागि स्थानीय तहहरुसंग साझेदारीमा कार्य गर्न प्रस्ताव माग भएकोमा शर्दु जलाधार क्षेत्र (धरान २०, वनियाटार) मा वृक्षारोपण र संरक्षण कार्य गर्न कार्यक्रम प्रस्ताव तयार गरी पेश गर्ने र विभागको स्थानीय तहसंगको साझेदारीमा शहरी वन विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ बमोजिम प्रस्तावित कार्यक्रमको कूल लागतको ३० प्रतिशत रकम धरान उपमहानगरपालिकाले साझेदारी गर्ने निर्णय गरियो ।

**अर्को बैठक २०७७।०९।१२ गते विहान ८ वजे बस्ने गरी आजको बैठक १२.३० मा स्थगित गरियो ।**

**वैठक निर्णय माईनुट गर्ने वरिष्ठ प्रशासकीय अधिकृत गणेश प्रसाद खतिवडा**

## रु.५००० र सो भन्दा कम रकम भएको पेश्कि तथा बेरुजु बाँकिको विवरण

बेरुजुको विवरण

| क्र.स. | नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | कृष्णदेव राई | ३९६५ | |
| २ | लाकराज निरौला | १७०० | |
| ३ | गंगा ढकाल | १७८५ | |
| ४ | श्री सुब्बा | ४००० | |
| ५ | सोनामकुमार सुब्बा | २००० | |
| ६ | चन्द्रमणि सुब्बा | ४७२५ | |
| ७ | रामहरी घिमिरे | २००० | |
| ८ | कृष्ण सुबेदी | २२८० | |
| ९ | तिलक राई | ५००० | |
| १० | सुरेन्द्र मास्के | २२०० | |
| ११ | मिना पुलामी | २००० | |
| १२ | मन प्रसाद सिटौला | १५०० | |
| १३ | डिल्लीराम भारती | ४००० | |
| १४ | मनबहादुर कटुवाल | १२८८ | |
| १५ | स्व.नारायण कृष्ण श्रेष्ठ | ५००० | |
| १६ | खडक बहादुर श्रेष्ठ | ३००० | |
| १७ | देवराज राई | २००० | |
| १८ | राम बहादुर श्रेष्ठ | १५०० | |
| १९ | रामेश्वर भटराई | ३५०० | |
| २० | स्व.माधव बस्नेत | ३७०० | |
| | | | |

उपभोक्ता सममितिहरुको पेश्कि तथा बेरुजुको विवरण

| क्र.स. | नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | निराजन टोल समाज सुधार समिति | २००० | |
| २ | अरुण टोल उपभोक्ता समिति | ४२४१ | |
| ३ | बाढी नियन्त्रण उपभोक्ता समिति धरान ९ | ५००० | |
| ४ | खानेपानी निर्माण उ.स.विष्णुचोक ११ | ११५२ | |
| ५ | ढल मर्मत सम्भार उपभोक्ता समिति | ३५३५ | |

संघ संस्थाहरुको पेश्कि तथा बेरुजुको विवरण

| क्र.स. | नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | भेषराज रिजाल | ४००० | |
| २ | राजेन्द्र बजगाई | १५०० | |
| ३ | मिलन सामुदायिक संस्था पाँचकन्या ४ | ५००० | |
| ४ | गजेन्द्र राई | २००० | |
| ५ | राजेन्द्र बराइलि पाँचकन्या | ५५० | |
| ६ | हरी बुढाथोकी पाँचकन्या ५ | ५००० | |
| ७ | रोट्र्याक क्लब अफ धरान घोपा | ५००० | |
| ८ | पर्शुराम राई | २००० | |
| ९ | लाल बहादुर राई | ५००० | |
| १० | सुरेश कुमार श्रेष्ठ | २५०० | |
| ११ | विरेन गुरुङ्ग | ३००० | |
| १२ | रत्न बहादुर कटुवाल पाँचकन्या ३ | ५००० | |
| १३ | राम बहादुर राई पन्चकन्या ९ | १००० | |
| १४ | डम्बर बास्तोला | ३७०० | |
| १५ | जीवन डंगोल | ५००० | |
| १६ | मोहन बराल | २५०० | |
| १७ | आनन्द पोखरेल पन्चकन्या | १८५ | |
| १८ | हर्क लुंगेली मगर पन्चकन्या १ | १४०० | |
| १९ | राजु राई | २००० | |

| | | | |
|---|---|---|---|
| २० | श्याम गिरी | ३००० | |
| २१ | आनन्द श्रेष्ठ | ५००० | |
| २२ | इन्द्र प्रसाद आचार्य | १६०० | |
| २३ | यम कुमार घिमिरे पन्चकन्या १ | ३३९८।५७ | |
| २४ | बासुदेव भटराई पन्चकन्या ३ | ५००० | |
| २५ | रतन थेबे | १४७५ | |
| २६ | सुरेन्द्र लिम्बु | ५००० | |
| २७ | हेमन्त राई | २००० | |
| २८ | जीवन कुमार सुब्बा पाँचकन्या ५ | ४००० | |
| २९ | लक्ष्मण उदास | ५००० | |
| ३० | कृष्ण बहादुर खडका पाँचकन्या | ३००० | |
| ३१ | लाकनाथ कोइराला | ४००० | |
| ३२ | गंगा लुबुङ्ग | ३००० | |
| ३३ | मधेशी जनअधिकार फोरम | ५००० | |
| ३४ | सिप विकास तथा अनुसंधान केन्द्र | ५००० | |
| ३५ | गणेश श्रेष्ठ | २५०० | |
| ३६ | भक्त बहादुर मगर पाँचकन्या | १००० | |
| ३७ | चन्द्र बहादुरआचार्य पाँचकन्या | १५०० | |
| ३८ | भगवती चापागाई | ३००० | |
| ३९ | ओम कुमार शर्मा पाँचकन्या | ३४५० | |
| ४० | गोपालमान भुजेल | २००० | |
| ४१ | दाताराम आचार्य पाँचकन्या | ३००० | |
| ४२ | शहिद माध्यमिक विद्यालय | ३५०० | |
| ४३ | टिकाराम थापा | ४४०० | |
| ४४ | डम्बर बुडाथोकी | ५००० | |
| ४५ | देबी बहादुर घिमिरे | २००० | |
| ४६ | प्रदिप लिम्बु | ३००० | |
| ४७ | कुमार चौहान पाँचकन्या ५ | ७५१ | |
| ४८ | चन्द्र बहादुर कोइराला | ३५०० | |
| ४९ | चन्द्र पराजुलि पाँचकन्या ५ | ३०० | |
| ५० | यम बहादुर श्रेष्ठ | ५००० | |
| ५१ | बालकुमार मेयाङ्गबो | १२०० | |
| ५२ | रविन राई | ३५०० | |
| ५३ | मकालु बाल विकास केन्द्र | ४९०० | |
| ५४ | राम प्रसाद श्रेष्ठ | ५००० | |
| ५५ | डम्बर बहादुर भण्डारी | १२०० | |
| ५६ | सुरज खालिङ्ग | ५००० | |
| | | | |

वडा सममितिहरुको पेश्कि तथा बेरुजुको विवरण

| क्र.स. | नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | ४ नं. वडा समिति | २८२५।४५ | |

**रु.२५००० र सो भन्दा कम रकम भएको पेश्कि तथा बेरुजुको विवरण**

मृतकहरुको नाममा रहेको पेश्कि बेरुजुको विवरण

| क्र.स. | नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | स्व.जित राई | ८०१० | |
| २ | स्व.देबी प्रसाद श्रेष्ठ | २०००० | |
| ३ | स्व.झभर बहादुर मोक्तान | ६३५० | |
| ४ | स्व.ज्ञानेन्द्र बहादुर कार्की | १०९८५ | |
| ५ | स्व.हरी प्रसाद पराजुली | ९८७५ | |
| ६ | स्व.धन प्रसाद लिम्बु | ८०४० | |